**मुक्तिनाथ दर्शन सेवा**

दैनिक माइक्रोबस छुट्ने समय :
बिहान ६:३० बजे



**पोखरा साइडसिन सेवा**

पोखरा उपत्यका घुम्नका लागि बस छुट्ने समय : बिहान ९:०० बजे

रुट नं. १ : पुम्दीकोट, शान्ति स्तुपा, डेभिजफल, फेवाताल, विन्ध्यवासिनी मन्दिर, महेन्द्र गुफा

रुट नं. २ : बेगनास ताल, रुपा ताल, इन्टरनेशनल माउन्टेन म्युजियम, पचभैया वन्यजन्तु चिडियाघर



**मानसरोवर ट्राभल एण्ड टुर्स प्रा.लि.**
नागढुंगा, पोखरा-९, फोन नं : 061-589012
544439, 9856051659, 9856034631



राष्ट्रिय दैनिक

# पोखरापत्र

Pokharapatra National Daily



रू. १.५ मा

कलर भिजिटिङ कार्ड
साथै
तुरुन्त क्यालेण्डर पुस्तक, स्मारिका आदि छपाई गर्नु परेमा

सम्पर्क:
०६१-५७०६५१, ९८५६०७५५७५



❑ वर्ष २६ ❑ अङ्क २४२ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०८२ भाद्र २७ गते शुक्रबार ❑ 12 Sept. 2025 ❑ पृष्ठ ४ ❑ मूल्य रू. ५ ।–


## समाजिक सद्भाव बलियो बनाउँदै नयाँ बाटो पहिल्याउनुपर्छः मुख्यमन्त्री

**पोखरापत्र संवाददाता**
पोखरा, २६ भाद्र

गण्डकी प्रदेशका मुख्यमन्त्री सुरेन्द्रराज पाण्डेले सामाजिक एकता र सद्भाव बलियो बनाउँदै नयाँ बाटो पहिल्याउनुपर्नेमा जोड दिनुभएको छ ।

उहाँले बिहीबार वक्तव्य जारी गर्दै नेपाली समाजको विशिष्ट चरित्र समाजिक एकता र सद्भाव भएको भन्दै यसलाई अझै बलियो बनाउँदै हामीले नयाँ बाटो पहल्याउनुपर्ने समय आएको बताउनुभयो ।

विद्यमान विषम परिस्थितिमा संयम, संवाद र एकताको बाटोबाट मात्रै मुलुकलाई निकास दिन सकिने मुख्यमन्त्री पाण्डेको भनाइ छ । यही भदौ २३ र २४ गते 'जेनजी' युवाद्धारा गरिएको प्रदर्शनका क्रममा भएको मानवीय क्षति र त्यसपछिका सार्वजनिक तथा निजी सम्पत्तिमा पुगेको अकल्पनीय विनाशबारे दुःख व्यक्त गर्दै वक्तव्यमा जीवन गुमाउनेप्रति श्रद्धाञ्जली अर्पण गर्नुभयो । उहाँले शोकसन्तप्त परिवारमा समवेदना प्रकट गर्नुका साथै घाइतेहरूको शीघ्र स्वास्थ्य लाभको कामना गर्नुभयो ।

यही भदौ २३ को अत्यधिक बल प्रयोगले ठूलो मानवीय क्षति पुर्‍याएको र त्यसपछिका योजनाबद्ध आगजनी तथा तोडफोडका घटनाले मुलुकलाई स्तब्ध बनाएको मुख्यमन्त्री पाण्डेले उल्लेख गर्नुभयो । गण्डकी प्रदेश सरकार शान्ति, स्थायित्व र समृद्धिको यात्रामा दृढतापूर्वक अघि बढ्ने उहाँले प्रतिबद्धता व्यक्त गर्नुभयो । वर्तमान परिस्थितिबाट देशलाई निकाल्ने बाटो संवाद र एकता मात्रै रहेको भन्दै मुख्यमन्त्रीले यस पहललाई सफल बनाउन राजनीतिक दल, नागरिक समाज, सञ्चारजगत् सबैको सहकार्य अपरिहार्य रहेकामा जोड दिनुभयो । युवापुस्ताको आकाङ्क्षा र भावनालाई आत्मसात् गर्दै संवैधानिक रिक्तता सिर्जना हुन नदिई वैधानिक र लोकतान्त्रिक बाटोबाट दीर्घकालीन समाधान खोज्नुपर्ने उहाँले आवश्यकता औँल्याउनुभयो । यही भदौ २३ मा गरिएको अत्यधिक बल प्रयोग र त्यसपछिका घटनाको निष्पक्ष छानबिनका लागि उच्चस्तरीय आयोग गठन गर्नुपर्नेमा उहाँले जोड दिनुभयो ।

## पोखरामा शुक्रवार बिहान ५ बजेसम्म कर्फ्यू

**पोखरापत्र संवाददाता**
पोखरा, २६ भाद्र

पोखरामा शुक्रवार बिहान ५ बजेसम्म कर्फ्यू लगाइएको छ । जिल्ला प्रशासन कार्यालय कास्कीले विहिबार एक सूचना जारी गर्दै बिहीबार साँझ ७ बजेदेखि शुक्रवार बिहान ५:०० बजेसम्म कर्फ्यू लगाइएको उल्लेख गरेको छ । उक्त समयमा घर बाहिर ननिस्कन प्रशासनले पोखरेलीहरुमा आग्रह गरेको हो ।

कास्कीका प्रमुख जिल्ला अधिकारी रुद्रादेवी शर्माले कर्फ्यु आदेश जारी गरेको सूचनामा शुक्रवार बिहान ५ देखि १० बजेसम्म अत्यावश्यक कामका लागि आवतजावत गर्न सकिने उल्लेख गर्नु भएको छ ।

कास्की जिल्लामा हाल देखिएको घटनाक्रमबाट हुनसक्ने विरोध प्रदर्शन, तोडफोड, हुलदंगाका कारण शान्ति सुव्यवस्थालाई मध्यनजर गर्दै बिहीबारको जिल्ला सुरक्षा समितिको निर्णय समेतको आधारमा प्रशासनले कर्फ्यु आदेश जारी गरेको हो । कर्फ्युको समयमा आवतजावत गर्न, कुनै पनि प्रकारको भेला, जुलुस, प्रदर्शन, सभा, बैठक, घेराउ गर्न पाइने छैन । यस अवधिमा एम्बुलेन्स, शववाहन, दमकल, स्वास्थ्यकर्मी, सुरक्षाकर्मी, सञ्चारकर्मी, खाद्यान्न, इन्धन, दूध, तरकारी, पानी र औषधि ढुवानी गर्ने सवारी सञ्चालन गर्न पाइनेछ ।

साथै सरकारी कार्यालय, बैंक तथा वित्तीय संस्थालगायत सार्वजनिक संस्थानका कर्मचारीले आफ्नो परिचयपत्र देखाएर कार्यालय आवतजावत गर्न सक्ने व्यवस्था मिलाइएको प्रशासनले जारी गरेको सूचनामा उल्लेख छ । पोखरामा जेनजी प्रदर्शनका क्रममा गत मङ्गलबार दुई जनाको आगजनीमा परेर मृत्यु भएको पुष्टि भएको छ । यसैगरी, प्रदर्शनकारीले तीन दर्जनभन्दा बढी सरकारी कार्यालयमा आगजनी गरेर क्षति पुर्‍याएका छन् ।

## मृत्यु हुनेको सङ्ख्या ३४ पुग्यो, एक हजार बढी घाइते

**रासस**
काठमाडौं, २६ भाद्र

स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयले 'जेनजी' आन्दोलनमा परी अहिलेसम्म अस्पतालमा ३४ जनाको मृत्यु र एक हजार बढी घाइतेहरूको उपचार भएको जनाएको छ ।

मन्त्रालयका प्रवक्ता डा प्रकाश बुढाथोकीका अनुसार देशभरका ४१ अस्पतालमा ३४ जनाको मृत्यु र एक हजार ३६८ जनाको उपचार भएको छ । मन्त्रालयले जेनजी आन्दोलनका क्रममा मृत्यु र घाइते भएकाको विवरण विभिन्न अस्पतालमा सम्पर्क गरी सार्वजनिक गरेको जनाएको छ ।

निजामती कर्मचारी अस्पतालमा छ, राष्ट्रिय ट्रमा सेन्टरमा आठ, एभरेष्ट अस्पतालमा तीन, काठमाडौं मेडिकल कलेज सिनामङ्गलमा दुई, त्रिभुवन विश्वविद्यालय शिक्षण अस्पतालमा एक, बयोधा अस्पतालमा दुई, फ्रन्टलाइन अस्पतालमा तीन, बी एन्ड सी अस्पताल विर्तामोडमा एक, विर्तासिटी अस्पतालमा एक, बिपी कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठान, धरानमा दुई र भेरी अस्पतलालमा पाँच गरी ३४ जनाको निधन भएको जनाइएको छ । त्यसैगरी अहिले ३२१ जना घाइतेको भर्ना भई उपचार भइरहेको छ ।

सचिव डा विकास देवकोटाका अनुसार अहिले पनि निजामती कर्मचारी अस्पतालमा ४८, ट्रमा सेन्टरमा ५८, त्रिवि शिक्षण अस्पतालमा २५ र काठमाडौं मेडिकल कलेजमा ३५ र वीरेन्द्र सैनिक अस्पतालमा २६ जनाको उपचार भइरहेको छ । उहाँका अनुसार ९४९ जना उपचारपश्चात् घर फर्किसकेका छन् ।


## विद्युतीय व्यापार (इ-कमर्स) मा ध्यान दिनुपर्ने कुराहरु

- विश्वसनीय वेबसाइट वा मोबाइल एप पहिचान गरेर मात्र प्रयोग गरौं,
- व्यक्तिगत जानकारी (जस्तैः OTP, पासवर्डर बैंक विवरण) कसैसँग पनि साझा नगरौं,
- सुरक्षित डिजिटल वालेट प्रयोग गरौं,
- सामान खरिद गर्नु अघि राम्रोसँग विवरण पढेरमात्र खरिद गरौं,
- खरिद गरेको सामाग्री बिग्रीएको वा गलत आयो भने फिर्ता गर्न मिल्छ/ मिल्दैन सो बारे जानकारी राखौं,
- फेसबुकलगायत अन्य सञ्चारमाध्यममा देखिएको विज्ञापन लिंक खोल्नु अघि सावधानी अपनाउने गरौं,
- ठगीको मनासायले गरिने अत्यधिक सस्तो सामाग्री प्रति सचेत रहौं,
- आफूले प्रयोग गरिरहेको वस्तु वा सेवा प्रदान गर्ने फर्म कानुनी रूपमा दर्ता भए/नभएको एकिन गरौ,
- खरिद गरेका सामग्रीको विल सुरक्षित राखौं ।

**नेपाल सरकार**
**विज्ञापन बोर्ड**


## भिसा सकिएका पर्यटकलाई निःशुल्क भिसा अनुमति दिइने

**रासस**
काठमाडौं, २६ भाद्र

अध्यागमन विभागले सेप्टेम्बर ८ पछि भिसा सकिएका पर्यटकको त्रिभुवन अन्तरराष्ट्रिय विमानस्थल अध्यागमन कार्यालयबाटै निःशुल्क भिसा नियमित गर्ने भएको छ ।

विभागका निर्देशक टीकाराम ढकालले एक विज्ञप्ति जारी गर्दै नेपालमा पछिल्लो विकसित घटनाक्रमका कारण भिसा अवधि थप गर्न नसकेका विदेशी नागरिकमा पर्न गएको असुविधाप्रति विभाग संवेदनशील भएर अध्यागमन कार्यालयबाटै भिसा अनुमति दिने बताउनुभयो ।

उहाँका अनुसार सेप्टेम्बर ८ सम्मको भिसा मान्य भएका र कर्फ्यु आदेश लागू भएको अवधिमा प्रस्थान गर्नुपर्ने विदेशी नागरिकलाई प्रस्थान गर्ने बिन्दुमा अध्यागमन कार्यालयबाट अतिरिक्त शुल्क नलिइ भिसा नियमितीकरण र बाहिर निस्कने अनुमति दिइनेछ ।

त्यसैगरी यस अवधिमा राहदानी हराउने र सम्बन्धित दूतावासबाट ट्राभल डकुमेन्ट वा आपतकालीन राहदानी लिइसकेका विदेशी नागरिकका लागि भिसा स्थानान्तरणको पनि आवश्यक व्यवस्था मिलाइएको छ । यस्तो अवस्थामा उनीहरुको भिसा विद्यमान नियमनअनुसार हस्तान्तरण गरिनेछ र सम्बन्धित अध्यागमन कार्यालयबाटै भिसा नियमितीकरण र बाहिर निस्कने


बाँकी अन्तिम पृष्ठमा ▶▶


## त्रिभुवन अन्तरराष्ट्रिय विमानस्थलको उडान नियमित

**रासस**
काठमाडौं, २६ भाद्र

त्रिभुवन अन्तरराष्ट्रिय विमानस्थलको हवाई उडान नियमित रुपमा सञ्चालन भइरहेको छ ।

विमानस्थलका महाप्रबन्धक हंशराज पाण्डेका अनुसार बुधबार साँझदेखिनै विमानस्थलको उडान नियमित रुपमा सञ्चालन भइरहेको छ । "विगतका दिनहरुमा जस्तै आन्तरिक र अन्तरराष्ट्रिय उडान सामान्य रुपमा सञ्चालन भइरहेको छ । यात्रु आवागमनलाई सहज तुल्याउन सुरक्षा निकायसँग समन्वय गरिएको छ", उहाँले भन्नुभयो । विमानस्थलको हालको उडान तालिका भन्दा उडान थप्नसक्ने अवस्था नरहेको र विगतकै क्षमतामा हवाई उडान नियमित गरिने विमानस्थलले जनाएको छ । काठमाडौं उपत्यकामा निषेधाज्ञा जारी रहेकाले हवाई यात्रुलाई परिचय खुल्ने कागजातका आधारमा आवतजावतमा सहजीकरण गरिएको छ । नेपाल पर्यटन बोर्डले सटल बसको व्यवस्था गरी विदेशी पर्यटकलाई गन्तव्यमा पुर्‍याइने जनाएको छ । यता वायुसेवा कम्पनीले पनि आफ्ना यात्रुलाई विभिन्न व्यवस्था गरेर गन्तव्य लगिरहेको विमानस्थलले जनाएको छ । निजी क्षेत्रका हवाई कम्पनी बुद्ध एयरका सूचना अधिकारी दीपेन्द्रकुमार कर्णका अनुसार आज बिहानदेखि नियमित रुपमा उडानहरु भइरहेका छन् । काठमाडौं र बाहिरका गन्तव्यमा दुई तीन दिनदेखि रोकिएका यात्रुलाई लैजानुपर्नेछ ।

'जेनजी पुस्ता'का कारण विषम परिस्थिति उत्पन्न भए पनि यही भदौ २४ गतेदेखि त्रिभुवन अन्तरराष्ट्रिय विमानस्थल बन्द गरिएको थियो । विमानस्थल सुरक्षा समितिको बैठकको निर्णय अनुसार बुधबार दिउँसो ३:३० बजेदेखि त्रिभुवन अन्तराष्ट्रिय विमानस्थलको उडान पुनः थाल्ने निर्णय गरिएको थियो । बुधबार साँझदेखिनै आन्तरिक र अन्तराष्ट्रिय दुवै उडान सञ्चालन भइरहेका छन् । विमानस्थलले हवाई उडानका लागि विमानस्थल आवागमन गर्ने यात्रुले आ-आफ्नो वायुसेवा कम्पनीसँग सम्पर्क गरी उडान समयको जानकारी लिएर विमानस्थल आउन अनुरोध गरेको छ । साथै यसरी आवतजावत गर्दा आधिकारिक हवाई टिकट र परिचय खुल्ने कागजात साथमा लिई अ ाउन समेत भनिएको छ ।

ि त्र भ ु व न अन्तरराष्ट्रिय विमानस्थल भएर दैनिक तीनसयभन्दा बढी उडान हुन्छ । यसमध्ये आन्तरिकतर्फ दुई सय ५० भन्दा बढी र अन्तरराष्ट्रियमा दैनिक १०० हाराहारी उडान हुन्छ । विमानस्थल बिहान ६:०० बजेदेखि राति १३:०० बजेसम्म सञ्चालन हुँदै आएको छ । आन्तरिकतर्फ १२ हेलिकप्टर कम्पनीसहित २१ वायुसेवा कम्पनीले सेवा दिइरहेका छन् । अन्तरराष्ट्रियतर्फ तीन नेपालीसहित ३० हवाई कम्पनीले उडान भर्दै आएका छन् ।

## हालसम्म १३ हजारभन्दा बढी कैदीबन्दी फरार

**रासस**
काठमाडौं, २६ भाद्र

जेनजीका नाममा भएको प्रदर्शनका क्रममा देशभरका विभिन्न कारागार र प्रहरी कार्यालयबाट भागेका झण्डै १५ हजार कैदीबन्दी र थुनुवामध्ये बिहीबार राति ८ बजेसम्म एक हजार ५६७ जनालाई नियन्त्रणमा लिइएको छ ।

नेपालप्रहरीकाकेन्द्रीयप्रवक्ता, प्रहरी नायब महानिरीक्षक विनोद घिमिरेका अनुसार नियन्त्रणमा लिइएकाहरुलाई सम्बन्धित कारागार र थुनुवा कक्षमा राखिएको छ । यसरी नियन्त्रणमा लिइएकामा कैदीबन्दी एक हजार ५०९ जना र थुनुवा ५८ जना रहेका छन् । अझै १२ हजार


बाँकी अन्तिम पृष्ठमा ▶▶



सुपथ मूल्यमा आकर्षक छपाइ



पुस्तक, स्मारिका, ब्रोसर, क्यालेण्डर, निमन्त्रणा कार्ड, बिल, रसिद, पोष्टर,पम्प्लेट, भिजिटिङ्ग कार्ड आदि छपाईसम्बन्धी कामका लागि हामीलाई सम्झनुहोस् ।

**हिमालय अफसेट प्रेस**
नयाँबजार, पोखरा
फोन नं. : ०६१-५७०६५१

# बागलुङमा अनिश्चितकालीन निषेधाज्ञा

**पोखरापत्र संवाददाता**
बागलुङ, २६ भाद्र

जिल्ला प्रशासन कार्यालय बागलुङले निषेधाज्ञा आदेश जारी गरेको छ। स्थानीय प्रशासन ऐन, २०२८ को दफा ६ (क) र (ख) बमोजिम प्रमुख जिल्ला अधिकारी कुमानसिंह गुरुङले अर्को आदेश नआउञ्जेलसम्मका लागि निषेधाज्ञा आदेश जारी गर्नुभएको हो।

बागलुङ नगरपालिका-१, २, ३ र ४ भित्रका सबै क्षेत्र, गलकोट नगरपालिका-३, ५ र ६, जैमिनी नगरपालिका-१, ढोरपाटन नगरपालिका-१, २ र ३ र बडिगाड गाउँपालिकाको मध्यपहाडी लोकमार्ग आसपासमा निषेधाज्ञा जारी गरिएको प्रजिअ गुरुङले जानकारी दिनुभयो।

निषेधाज्ञा जारी गरिएको क्षेत्रमा पाँच जनाभन्दा बढी व्यक्ति भेला गर्न वा जम्मा भई अनसन, धर्ना, घेराउ, जुलुस, प्रदर्शन तथा सभाजस्ता कार्यक्रम गर्न निषेध गरिएको छ। उक्त अवधिमा यस आदेशको अवज्ञा गर्ने वा आदेशको पालना गर्ने/गराउने कार्यमा अवरोध गर्ने जोसुकै उपर प्रचलित कानुनबमोजिम कारबाही हुने उहाँले उल्लेख गर्नुभयो।

जिल्ला प्रशासन कार्यालयले बुधबार बिहान १० देखि आज बिहान ६ बजेसम्म निषेधाज्ञा जारी गरेको थियो। जिल्लामा थप आन्दोलन हुन सक्ने भन्दै आज पनि निषेधाज्ञा जारी गरेको हो।

# काठमाडौँ उपत्यका सहित देशभरको जनजीवन क्रमशः सामान्य बन्दै

**रासस**
काठमाडौं, २६ भाद्र

काठमाडौँ उपत्यकाको जनजीवन क्रमशः सामान्य बन्दै गएको छ। अन्य सुरक्षा निकायका समन्वयमा नेपाली सेनाले सुरक्षाको नेतृत्व लिएपछि अहिले काठमाडौँ उपत्यका सहित देशभर नै जनजीवन सामान्यतर्फ अघि बढेको हो।

आन्दोलनरत जेनजी पुस्ताका प्रतिनिधिहरू वार्ताका लागि प्रतिनिधि छनोट गरेर जाने तयारीमा रहेका छन्भने विभिन्न सङ्घ-सङ्गठनहरूले समस्याको समाधान निकाल्न आह्वान गरिरहेका छन्। जेनजीका प्रतिनिधिहरू सडकमा सरसफाइ अभियानमा निस्किएका देखिएको छ। आगजनी गरिएका कार्यालयका कर्मचारीहरू पनि ससरफाइ, कागजात सङ्कलन क्षति भएको संरचना व्यवस्थापन र निर्माणमा पनि सक्रिय भएका छन्। कार्यालय सञ्चालनका लागि आवश्यक कामहरू गरिरहेका छन्। सेनाले पनि निषेधाज्ञा तथा कर्फ्यू आदेशलाई क्रमबद्ध खुकुलो बनाउँदै निरन्तरता दिइरहेको छ।

बिहीबार बिहान ६ देखि ९ बजेसम्म आवतजावत र खाद्यान्न खरिदका लागि सहजीकरण गरिएको छभने आज साँझ ५ बजे ७ बजेसम्मका लागि पनि खुला गरिएको सैनिक जनसम्पर्क तथा सूचना निर्देशनालयले सूचना जारी गरी जानकारी दिएको छ। सैनिक जनसम्पर्क तथा सूचना निर्देशनालयका अनुसार निषेधाज्ञा भदौ २६ गतेको बिहान १० देखि बेलुकी ५ बजेसम्म लागू हुनेछ। कर्फ्यू भने भदौ २६ गते बेलुकी ७ देखि भदौ २७ गते बिहान ६ बजेसम्मका लागि जारी गरिएको छ। काठमाडौँ उपत्यका तथा जिल्लाहरूमा अहिले नेपाली सेनाको नेतृत्वमा अन्य सुरक्षा निकायसँगको समन्वयमा शान्तिसुरक्षा प्रभावकारी बनाइएको छ। उपत्यकामा अत्यावश्यक कामका लागि हिँड्डुलमा कुनै समस्या देखिएको छैन। तर अनावश्यक रूपमा हिँड्ने तथा भेला हुने कार्यलाई पूर्ण रूपमा निषेध गरिएको छ। निषेधाज्ञा तथा कर्फ्यू समय अत्यावश्यक सेवाका एम्बुलेन्स, शववाहन, दमकल, स्वास्थ्यकर्मी, सुरक्षाकर्मी र सञ्चारकर्मीका साथै, खाद्यान्न, इन्धन, दूध, तरकारी, पानी र औषधि ओसारपसार गर्ने सवार ीसाधनहरू सञ्चालन गर्न सकिने सेनाले जानकारी दिएको छ। उक्त समयमा सरकारी कार्यालय, बैङ्क तथा वित्तीय संस्थालगायत सार्वजनिक संस्थानमा कार्यरत कर्मचारीले आफ्नो परिचयपत्र देखाई कार्यालयसम्म आवतजावत गर्न सक्ने छन्। यस्तै, आन्तरिक तथा अन्तरराष्ट्रिय उडानका यात्रुहरूले आफ्नो उडानको टिकट देखाई विमानस्थलसम्म आवतजावत गर्न पनि सक्ने सेनाले स्पष्ट गरेको छ। उपत्यकामा आवश्यक सहायताका लागि नजिकमा रहेका सुरक्षाकर्मीहरूसँग समन्वय गर्न अनुरोध पनि गरिएको छ।

## हालसम्म ...

५३३ जना कैदीबन्दी फरार रहेका पनि प्रवक्ता घिमिरेले बताउनुभयो। उहाँले ७९५ जना थुनुवा पनि फरार रहेकाले खोजी जारी रहेको बताउनुभयो। बिहीबार प्रहरी प्रधान कार्यालयले यसरी फरार भएकालाई सम्बन्धित कारागार र प्रहरी कार्यालयहरुमा सम्पर्कमा आउन सार्वजनिक अनुरोध गरिसकेको छ। उनीहरु सबै आगजनी तोडफोड गरी फरार भएका थिए।




# मुस्ताङमा 'हाइब्रिड' स्याउ उत्पादनमा वृद्धि

**पोखरापत्र संवाददाता**
मुस्ताङ, २६ भाद्र



मुस्ताङमा उच्चघनत्व प्रविधिमा आधारित 'हाइब्रिड' स्याउको उत्पादन भइरहेको छ। यसपटक 'पोस्ट हाभेस्ट' अन्तिम चरणमा पुगेको छ।

यहाँ सरोकार भएका निकाय सम्मिलित जिल्लास्तरीय समन्वयात्मक बैठकले उच्च 'हाइब्रिड' गाला स्याउ भदौ ५ देखि र किङरट जातको स्याउ भदौ १५ गतेदेखि जिल्ला बाहिर लैजान पाउने निर्णय गरेको थियो। सोही निर्णयअनुसार यहाँका स्याउ बगैँचाबाट पोखरा–काठमान्डौँलगायत स्थानमा पुऱ्याइसकिएको छ। कृषि ज्ञान केन्द्रका अनुसार यसवर्ष यस्तो स्याउको उत्पादन करिब १० प्रतिशतले वृद्धि भएको अनुमान छ। कार्यालय प्रमुख राजेश गुरुङले यहाँको प्रारम्भिक सर्वेक्षणमा स्याउ उत्पादनमा वृद्धि भएको देखिएको बताउनुभयो। गत वर्ष मुस्ताङमा ६० हेक्टर 'हाइब्रिड' स्याउ बगैँचा क्षेत्र रहेकामा उत्पादनशील ५० हेक्टर क्षेत्रफलमा एक हजार २५० मेट्रिक टन स्याउ उत्पादन भएको उहाँले जानकारी दिनुभयो। यसवर्ष गत वर्षभन्दा एक सय २५ मेट्रिक टन बढी उत्पादन भएको कार्यालय प्रमुख गुरुङको भनाइ छ। यहाँ परम्परागत स्थानीय जातका स्याउको उत्पादनमा भने ह्रास आउने देखिएको कृषि ज्ञान केन्द्रले अनुमान गरेको छ। यस वर्ष गत वर्षको तुलनामा स्थानीय जातको स्याउ १५ प्रतिशतले ह्रास आउने प्रक्षेपण गरिएको केन्द्र प्रमुख गुरुङले सुनाउनुभयो।

गत वर्ष यहाँ आठ सय ३० हेक्टरमा स्थानीय लगाइएकामा छ हजार ७८ दशमलव ८४ प्रतिशत मेट्रिक टन उत्पादन भएको थियो। ज्ञान केन्द्रले गत वर्षभन्दा ९२ मेट्रिक टन कम उत्पादन हुने अनुमान गरेको छ। थासाङ–१ टुकुचेका कृषक दिपसागर थकालीले यसवर्ष थासाङ क्षेत्रमा स्थानीय स्याउको उत्पादन एक तिहाईले घटेको बताउनुभयो। "गत वर्ष लटरम्म फलेको थियो, तर यस वर्ष बोटमा स्याउ नै थोरै फलेको छ", उहाँले भन्नुभयो। केही क्षेत्रमा भने उत्पादनमा समस्या नआउने अनुमान रहेको छ। यहाँको घरपफोङ–५ स्थित चिम्ले अचार्ड कृषि स्याउ फार्ममा स्थानीय जातका स्याउ उत्पादनमा कुनै असर नपरेको फार्मका सञ्चालक कर्म गुरुङले बताउनुभयो। बगैँचाको उचित व्यवस्थापन, भूगोल र स्थानले समेत स्याउ उत्पादनमा फरक पर्ने उहाँले सुनाउनुभयो।

शीतोष्ण बागवानी विकास केन्द्र मार्फाका प्रमुख पद्मनाथ आत्रेयले बोटमा फूल फुल्दै गरेको बेला वर्षा भएकाले असर पुऱ्याएकाले उत्पादनमा कमी आउने देखिएको बताउनुभयो। तथापि, जिल्लामा कति स्याउ उत्पादन भयो भन्नेबारे असोजपछि यकिन हुने उहाँको भनाइ छ। केन्द्रका अनुसार स्थानीय र 'हाइब्रिड' गरी गतवर्ष यहाँ छ हजार १६ हेक्टर क्षेत्रफलमा सात हजार ३२८ मेट्रिक टन स्याउ उत्पादन भएको थियो।

जसमध्ये १० प्रतिशत स्याउ मुस्ताङमै खपत भएको थियो भने ९० प्रतिशत स्याउ बाहिर निकासी भएको थियो। स्याउ निकासीबाट रु ८२ करोड ६८ लाख कारोबार हुँा रु नौ करोड १८ लाख ६७ हजार बाराबर जिल्लामै खपत भएको ज्ञान केन्द्रले जनाएको छ।

# तनहुँ कारागारबाट भागेका २२ कैदीबन्दी नियन्त्रणमा

**पोखरापत्र संवाददाता**
मुस्ताङ, २६ भाद्र

जिल्ला कारागार तनहुँबाट भागेका ३२७ मध्ये २२ कैदीबन्दीलाई जिल्ला प्रहरी कार्यालयले नियन्त्रणमा लिएको छ।

कार्यालयका सूचना अधिकारी एवं प्रहरी नायव उपरीक्षक अशोक थापाले उक्त जानकारी दिनुभयो। कारागार प्रशासनले फरार भएका कैदीबन्दीका परिवार र आफन्तसँग सम्पर्क गरेर सुरक्षित फिर्ताका लागि आग्रह गरेको छ।

प्रनाउ थापाले भन्नुभयो, "केहीका परिवारसँग समन्वय गरिरहेका छौं। केही आफैँ पनि सम्पर्कमा आएका छन् भने केही गन्तव्यतर्फ गइरहेको अवस्थामा सवारीसाधनमा खोजी गरिरहेका छौँ, विषम परिस्थितिमा सचेतता अपनाउदै दैनिकीलाई सहजता बनाउन आग्रह गरिरहेका पनि छौं।" कारागार मर्मत भइरहेकोले आज बेलुकीसम्म नियन्त्रणमा लिइएका कैदीबन्दीलाई कारागारमा सार्ने उहाँले बताउनुभयो।

कारागार निमित्त प्रमुख पुष्प राउतले कारागारमा आफैँ सम्पर्कमा आएका कैदीबन्दीलाई पनि प्रहरी कार्यालयमा पठाइएको जानकारी दिनुभयो। "आवश्यक सम्पर्कका लागि परिवार र आफन्तले सिधा कारागार प्रशासनसँग सम्पर्क गर्न सक्नेछन्। हामी फरार भएका कैदीबन्दीको अवस्था बुझेर सुरक्षित फिर्ता सुनिश्चित गर्ने प्रयासमा लागिपरेका छौं", उहाँले भन्नुभयो। राउतका अनुसार फरार कैदीबन्दीमध्ये २० जना महिला र बाँकी पुरुष छन्। मङ्गलबार दिउँसोदेखि आन्दोलनकारीले जिल्लामालपोत कार्यालय, जिल्ला प्रशासन कार्यालय, जिल्ला समन्वय समिति, जिल्ला अदालत, खानेपानी तथा सरसफाई डिभिजन कार्यालय, सिँचाइ कार्यालय लगायतमा आगजनी र तोडफोड गर्दा कारागार परिसर पनि निशानामा परेको थियो। त्यसै क्रममा साँझ कैदीबन्दी भागेका हुन्।

# तनहुँमा शुक्रबार बिहान ६ बजेसम्म कर्फ्यु

**पोखरापत्र संवाददाता**
दमौली, २६ भाद्र

जिल्ला प्रशासन कार्यालय तनहुँले जिल्लाभर शुक्रबार बिहान ६ बजेसम्म कर्फ्यु आदेश जारी गरेको छ।

प्रमुख जिल्ला अधिकारी रामकृष्ण अधिकारीले स्थानीय प्रशासन ऐन, २०२८ (संशोधन सहित) को दफा (६) को उपदफा (३) (क) बमोजिम निषेधाज्ञा र कर्फ्यु आदेश जारी गर्नुभएको हो।

जसअनुसार बिहीबार साँझ ७ बजेसम्मका लागि निषेधाज्ञा र साँझ ७ बजेदेखि भोलि शुक्रबार बिहान ६ बजेसम्म लागु हुने गरी दफा (६क) बमोजिम कर्फ्युको आदेश जारी गरिएको छ। निषेधाज्ञा जारी गरिएको क्षेत्रमा पाँच जना भन्दा बढी व्यक्ति भेला भई अनसन, धर्ना, घेराउ, जुलुस, प्रदर्शन तथा सभा जस्ता विरोधका कार्यक्रम गर्न निषेध गरिएको छ।

हाल देशभर विकसित घटनाक्रम एवं सम्बन्धित पक्षहरुसँग वार्ताको पहल भइरहेको जनाउँदै पछिल्लो समय जनजीवन क्रमशः सामान्यीकरण हुँदै गएको अवस्थामा समाजमा अराजक तत्वहरुको घुसपैठ भई प्रदर्शन, जुलुस, दङ्गा तथा झडप भई शान्ति सुरक्षा भङ्ग हुन सक्ने परिस्थितिलाई उक्त आदेश जारी गरिएको प्रजिअ अधिकारीले उल्लेख गर्नुभएको छ।

उक्त अवधिमा अत्यावश्यक सेवाका सवारी साधन बाहेक निजी तथा सार्वजनिक यातायातका सबै सवारी साधनहरु सञ्चालनमा रोक लगाइएको छ। निषेधाज्ञा जारी भएको समय र क्षेत्रमा अत्यावश्यक सेवाका सवारी साधनहरु, बिरामी बोकेका एम्बुलेन्स, शववाहन, दमकल, स्वास्थ्यकर्मीका सवारी साधन, सञ्चारकर्मी, पर्यटक सवार सवारी साधन, मानवअधिकार तथा कुटनीतिक नियोगका सवारी साधनहरु, हवाई टिकटका आधारमा हवाइ यात्रुको आवागमनमा सुरक्षाकर्मीबाट सहजीकरण हुने जनाइएको छ।

## भिसा ...

अनुमति दिइनेछ। अध्यागमन विभागको यो सूचनालाई नेपाल पर्यटन बोर्डले अद्यावधिक गर्दै पर्यटक आवागमन सहजीकरण भइरहेको उल्लेख गरेको छ।

विमानस्थलबाट पर्यटकलाई होटलसम्म पुऱ्याउने र त्यहाँबाट विमानस्थल पुऱ्याउनका लागि सटल बसको व्यवस्था गरिएको बोर्डले जनाएको छ। पर्यटकलाई कुनै पनि समस्या परेका खण्डमा बोर्डले कर्मचारीलाई सम्पर्क नम्बरसहित २४सै घण्टा तैनाथ गरिएको पनि उल्लेख गरेको छ।

जेनजीको प्रदर्शनका कारण यही भदौ २४ गते दिउँसो १४:३० बजेदेखि बन्द विमानस्थल २५ गते बुधबार दिउँसो १४:३० बजे खुलाइएको थियो। बुधबार साँझदेखि अन्तरराष्ट्रिय उडान सञ्चालन भयो भने आज बिहानैदेखि आन्तरिक उडान पनि नियमित रुपमा सञ्चालन भइरहेको छ।




फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादकः रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्धसम्पादकः नारायण भण्डारी
कार्यालयः नयाँबजार, पोखरा, फोनः ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E–mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com, Website : www.pokharapatra.com.np मुद्रणः हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा।

**सुक्तिसुधा**

आशा गरिबको सबै भन्दा ठूलो सम्पत्ति हो ।

– एल्फ्रेड डे

## सम्पादकीय

# राष्ट्रपतिको सकृयता आवश्यक

प्रधानमन्त्रीले राजिनामा दिएको र आन्दोलनकारीको सिफारिस अनुसार नयाँ प्रधानमन्त्री नियुक्त नहुँदा धेरै आशंका जन्माएको छ।जेनजी समुहहरुले पुर्वप्रधानन्यायाधीस सुशीला कार्कीको नाम दिएका छन । जेनजी समूह भित्र पनि एकले अर्कोलाई नस्वीकार्ने अवस्था बढ्न थालेको छ । प्रधानसेनापति अशोक सिग्देलले विभिन्न समुहसंग छलफल गर्नथालेपछि फेरि राजा फर्काउने खेल त होइन भनेर आशंका बढाएको छ।

राष्ट्रपति सकृय हुनुपर्ने आवाज पनि बढ्दो छ। देशका पुराना दलहरुले अहिलेको अन्योलग्रस्त अवस्था लामो राख्न नहुने भन्दै राष्ट्रपतिको ध्यानाकर्षण गराएका छन । काङ्ग्रेसको, एमाले, माओवादी केन्द्र र रास्वपाले संविधान भित्रबाट र संसदबाट निकास खोल्न सुझाव दिएका छन । नागरिक समाजका अगुवा देखि पेशागत समुहले पनि उस्तै सुझाव दिएका छन ।

युवा, विद्यार्थी नेताका संविधानसम्मत होस भन्ने अडान दोहोर्‍याएका छन।मुलुक असामान्य अवस्थाबाट गुज्रिरहेको भन्दै १६ जना नेताहरूले संविधानसम्मत ढङ्गले तत्काल अन्तरिम सरकार गठन गर्न आग्रह गरेका छन् । नेताहरू धनश्याम भुसाल, सुरेन्द्र प्रसाद पाण्डे, जनार्दन शर्मा, मिनेन्द्र रिजाल, गोकर्ण विष्ट, रामकुमारी झाँक्री, चन्द्र भण्डारी, देवेन्द्र पौडेल, एन.पी. साउँद, राजकिशोर यादव, अमरेश सिँह, सुदन किराती, मिना तामाङ, अमनलाल मोदी, सन्तोष परियार र प्रकाश ज्वालाले बिहीबार संयुक्त विज्ञप्ति जारी गर्दै संविधानसम्मत ढङ्गले अन्तरिम सरकार गठन गर्न राष्ट्रपति समक्ष माग गरेका छन। विभित्र दलका दोस्रो तहका नेताहरूको यो सकृयता पहिल्यै देखाउन सक्थे।समय गुज्रेपछि सुझाव लगनपछिको सिन्दुर जस्तै भएको छ।

नेताहरूले जेनजी आन्दोलनमा ज्यान गुमाउने युवाप्रति श्रद्धाञ्जली र घाइतेहरूका लागि स्वास्थ्य लाभको कामना गर्दै आन्दोलनले उठाएका नाराहरू सान्दर्भिक रहेको निष्कर्ष निकालेका छन् । साथै, विगतमा जनताको निराशा बुझ्न असफल भएको र दलभित्र लोकतान्त्रिक मूल्य कायम गर्न नसकेको कमजोरी स्वीकार गर्दै क्षमायाचना गरेका छन् । समयमै सकृयता देखाएको भए क्षति कम हुने थिएन । वर्तमान राजनीतिक सङ्कटको समाधानका लागि तत्काल संविधानसम्मत ढङ्गले अन्तरिम सरकार गठन गर्नुपर्ने, आन्दोलनका क्रममा भएको जनधन तथा सम्पत्तिको क्षति छानबिन गरी दोषीलाई कानूनी दायरामा ल्याउन शक्तिशाली आयोग बनाउनु पर्ने र उच्च तहमा रहेका व्यक्तिहरूको सम्पत्ति छानबिन गरी भ्रष्टाचारविरुद्ध कठोर कारबाही गर्न उच्चस्तरीय आयोग गठन गर्नुपर्ने माग गरिएको छ।

यस्तै, संविधानको पुनरावलोकन तथा सुधार आयोग गठन गरी सरोकारवालासँग परामर्श गरेर आवश्यक संशोधन गर्ने, परिवारवाद र सत्तामा लामो समयसम्म केही व्यक्तिहरूको हालीमुहाली अन्त्य गर्ने, नयाँ पुस्ताबाट नेतृत्व अघि बढाउन कानुनी संशोधन गर्नुपर्ने माग समेत नेताहरूले गरेका छन् । नेताहरूले सार्वजनिक तथा निजी संरचना र तथ्याङ्क नष्ट गरी भएको ठुलो आर्थिक क्षतिप्रति चिन्ता व्यक्त गर्दै यस्तो कठिन परिस्थितिमा राष्ट्र र राष्ट्रियताको रक्षा गर्ने संवैधानिक भूमिकामा राष्ट्रपति सक्रिय हुने विश्वास प्रकट गरेका छन् । यस्तै सकृयता हरेक क्षेत्रमा हुन सकेमा काम हुदैछ भन्ने विश्वास जाग्नेछ।

# कारागारबाट भागेका चार कैदी पक्राउ

**पोखरापत्र संवाददाता**
बागलुङ, २६ भाद्र

जिल्ला कारागार कास्की र जिल्ला कारागार म्याग्दीबाट भागेका ४ कैदीबन्दीलाई जिल्ला प्रहरी कार्यालय बागलुङले नियन्त्रणमा लिएको छ।

कारागारबाट भागेर बागलुङ प्रवेश गर्दै गरेका उनिहरुलाई मालढुङ्गा चेकपोष्टबाट बुधबार नियन्त्रणमा लिएको जिल्ला प्रहरी कार्यालय बागलुङका प्रहरी निरीक्षक केशव थापाले जानकारी दिनुभयो।

जिल्ला कारागार कास्कीबाट भागेका ३ जना र जिल्ला कारागार म्याग्दीबाट भागेका एक जनालाई प्रहरीले नियन्त्रणमा लिएको हो।

# बाढीले होटल क्षतिग्रस्त

**पोखरापत्र संवाददाता**
म्याग्दी, २६ भाद्र

बेनीनगरपालिका-४ तातोपानीस्थित लेतेखोलामा आएको बाढीले एक होटल क्षतिग्रस्त भएको छ।

रातभर परेको अविरल वर्षाका कारण आएको बाढीले आज बिहान श्रीस होटेल क्षतिग्रस्त बनेको हो।

ठाडोखोलामा आएको बाढीले होटलको सबै संरचना पुरिएको प्रहरीले जनाएको छ । बेनी नगरपालिका-४ का वडासदस्य समेत रहनुभएका होटल सञ्चालक प्रेम श्रीसले होटलभित्र रहेका सबै सामान पूर्ण रुपमा क्षति भएको जानकारी दिनुभयो । बाढीले सडक समेत अवरुद्ध बनाएको छ ।

# त्रिविको पठनपाठन छठपर्वपछि मात्रै

**रासस**
काठमाडौं, २६ भाद्र

त्रिभुवन विश्वविद्यालयको पठनपाठन आगामी कात्तिक ११ गतेपछि मात्रै सुरु हुने भएको छ।

त्रिविले बिहीबार सूचना जारी गरी असामान्य परिस्थितिका कारण तत्काल पठनपाठन सुरु गर्न समस्या भएको जनाउँदै अब छठपर्वपछि मात्र पठनपाठन हुने जनाएको हो।

सूचनामा भनिएको छ, "मुलुकभर विद्यमान असामान्य परिस्थितिका कारण आगामी हिउँदे बिदाबाट कटौती गर्ने गरी त्रिभुवन विश्वविद्यालयको सम्पूर्ण पठनपाठन कार्य बन्द गर्ने निर्णय गरिएको छ।"

# पहिरोले मध्यपहाडी लोकमार्ग अवरुद्ध

**पोखरापत्र संवाददाता**
लमजुङ, २६ भाद्र

पहिरोले मध्यपहाडी लोकमार्गअन्तर्गत लमजुङ खण्ड अवरुद्ध भएको छ।

वर्षासँगै आएको पहिरोलेबिहीबारयससडकअन्तर्गत मध्यनेपाल नगरपालिका-१० बिमिरेभन्ज्याङमा सडक माथिबाट खसेको पहिरोले सडक अवरुद्ध भएको हो।

पहिरोले सडक अवरुद्ध भएपछि कुनै पनि सवारीसाधन सञ्चालनहुनसकेकाछैनन्।जिल्ला प्रशासन कार्यालयका कर्मचारी सागर अधिकारीले भन्नुभयो, "पोखराबाट यस मार्ग हुँदै मोटरसाइकलमा लमजुङ बेँसीसहर आउँदै थिए, तर यहाँ ठूलो पहिरो झरेर सडक अवरुद्ध भएको रहेछ, यहाँ आफू जस्तै अन्य यात्रु पनि पहिरोले अलपत्र बनाएको छ।"

जिल्ला प्रहरी कार्यालयका प्रहरी नायब उपरीक्षक रमेश बोहोराले भन्नुभयो, "ठूलो पहिरो झरेर बाटो पूर्ण रूपमा अवरुद्ध भइरहेको छ, यतिबेला सडक खुलाउनका लागि समन्वय भइरहेको छ, केही समयमा त्यहाँ बाटो खुलाउने कार्य हुने र सडक खुलाउन भने केही समय लाग्छ।"

# संविधानको आधारमा जेनजीको माग सम्बोधन गर्नुपर्नेमा जोड

**रासस**
काठमाडौं, २६ भाद्र

विभिन्न पार्टीनिकट विद्यार्थी सङ्गठनका १२ जना पूर्वअध्यक्षलगायतका विद्यार्थी नेताहरूले संविधानका आधारमा 'जेनजी' युवाको माग सम्बोधन गर्नुपर्ने धारणा राखेका छन् ।

उनीहरूले बिहीबार प्रेस विज्ञप्ति जारी गरी संसद्बाटै राजनीतिक निकास खोज्दै संसद् भित्रबाटै नयाँ सरकार गठन गरी निर्वाचनको वातावरण बनाउनुपर्नेमा जोड दिएका हुन् । नेपाल विद्यार्थी सङ्घका पूर्वअध्यक्ष नैनसिंह महर, अनेरास्ववियुका पूर्वअध्यक्ष नविना लामा र अखिल क्रान्तिकारीका पूर्वअध्यक्ष रञ्जित तामाङलगायतले गणतन्त्र र संविधानको रक्षाका लागि दृढतापूर्वक उभिन पनि आह्वान गरेका छन् ।

विज्ञप्तिमा भनिएको छ, "देशलाई अग्रगामी दिशामा लैजान, आन्दोलनरत युवा, विद्यार्थीहरू तथा आम जनताका मागको सम्बोधन, जनचाहनाअनुरुप संविधान संशोधनलगायतका कार्यहरू बृहत् राजनीतिक संवाद र सहमतिमार्फत मात्रै हुन सक्ने विषय भएको ठहर गरेका छौं।"

देशभर व्यापक लुटपाट र आगजनीका घटना भइरहेको परिस्थितिमा जनताको निजी, व्यावसायिक प्रतिष्ठान र सार्वजनिक सम्पत्तिको रक्षा गर्न, अपराधको कैद सजाय भोगिरहेका व्यक्तिहरू जेलबाट भागेको र तिनीहरूले समाजमा थप अपराध गर्ने भएको हुनाले जेलबाट भागेका सम्पूर्ण कैदीहरूलाई खोजी गरी नियन्त्रणमा लिन जोड्दार माग पनि गरिएको छ।


## तपाईको आज

| | | | |
|---|---|---|---|
| मेष | : मानसिक तनाब | तुला | : आर्थिक समस्या |
| वृष | : ब्यापारमा लाभ | वृश्चिक | : कार्यमा सफलता |
| मिथुन | : शत्रुको भय | धनु | : सहयोग मिल्नेछ |
| कर्कट | : झमेला बड्ने | मकर | : सत्कार मिल्नेछ |
| सिंह | : शुभ यात्रा | कुम्भ | : अप्रत्यसित लाभ |
| कन्या | : स्वास्थ्यमा सुधार | मीन | : शारीरिक झमेला |

**हरिसिद्धि भविश्यवाणी केन्द्र**
पोखरा-१६, जोगिमणीमार्ग, मोबाइलः ९८५६०२०५८६
चिना, टिप, हस्तरेखा,आखत,माटो हेर्नका लागि सम्झनुहोस्।


# हिंसामा महिला

**पोखरापत्र संवाददाता**
बागलुङ, २६ भाद्र

केहि समय पहिले अत्यधिक ज्वरो आयो भनेर उपचारका लागि अस्पताल आउनुभएकी एक १३ वर्षीया बालिकाले असुरक्षित गर्भपतन गरेको पाइयो । यो कुरा परिवारलाई जानकारी नै थिएन।

धौलागिरी प्रादेशिक अस्पताल बागलुङका निमित्त मेडिकल सुपरिटेण्डेन्ट अमिट ढुङ्गाना भन्नुहुन्छ,"उहाँले आफ्ना प्रेमीसँग मिलेर असुरक्षित गर्भपतन गराएकी रहिछन् । लामो समयको मनोपरामर्शपछि स्वास्थ्यकर्मीलाई बताउँदा स्वास्थ्यमा गम्भीर समस्या भइसकेको थियो।"

अस्पतालमा रहेको एकद्वार सङ्कट व्यवस्थापन केन्द्रले यस्तै समस्या लिएर आउनेहरूलाई मनोपरामर्श, उपचार र पुनस्थापनाको काम गर्दै आएको छ । पेट दुख्यो, ज्वरो आयो भन्दै अस्पताल आउनेहरूको उपचारका क्रममा श्रीमान्, घरपरिवार र प्रेमीबाट हिंसामा परेको खुल्ने गरेको डा ढुङ्गानाको भनाइ छ । यसरी हिंसामा पर्नेमा अधिकांश दलित समुदायका महिला छन्।

अस्पतालले आर्थिक वर्ष २०७९/२०८०मा एक सय छ जना हिंसापीडित महिलाको उपचार गरेको छ। जसमध्ये २८ जना बलात्कारमा परेका थिए भने १० जना शारीरिक र ४० जना मानसिक रूपमा समस्यामा रहेको तथ्याङ्क छ। यस्तै, आव २०८०/२०८१ मा पनि एक सय छ जना हिंसापीडित महिला उपचारका लागि आएका थिए। तीमध्ये ११ जना बलात्कार, १८ जना शारीरिक र ५५ जना मानसिक स्वास्थ्यसम्बन्धी उपचारका लागि आएका थिए।

यसैगरी, आव ०८१/०८२ मा उपचारमा आएका ७६ जना महिलामध्ये १९ जना बलात्कार, ३४ शारीरिक र १५ जना मानसिक समस्या भोगेकाहरू थिए। महिला मात्र होइन, उपचार गर्न आउनेमा हिंसामा परेका पुरुष पनि छन्। आव २०७९/२०८० मा १६, २०८०/२०८१ मा १६ र २०८१/२०८२ मा १२ जना हिंसापीडित पुरुषको उपचार गरिएको तथ्याङ्क छ । उमेर समूहअनुसार सबैभन्दा बढी हिंसामा पर्ने १९ देखि ४९ वर्षका रहेका सङ्कट व्यवस्थापन केन्द्रका प्रमुख परामर्शदाता देवी भट्टराईले जानकारी दिनुभयो।

सङ्कट व्यवस्थापन केन्द्रबाट लैङ्गिक हिंसापीडित र प्रभावितका लागि निशुल्क स्वास्थ्य उपचार र परामर्श सेवा प्रदान हुँदै आएको भन्दै उहाँले यसबारे जानकारी नहुँदा धेरै पीडित नागरिक सेवाबाट वञ्चित रहेको बताउनुभयो।

# बासस्थान खलबलिँदा चराको सङ्ख्या घट्ने चिन्ता

**रासस**
दाङ, २६ भाद्र

पछिल्लो समय यहाँ बासस्थान खलबलिदा चराको सङ्ख्या घट्दै गएको छ। यहाँ कतिपय चराको सङ्ख्या न्युन भइरहेको छ भने केही चरा लोपोन्मुख अवस्थामा पुगेका छन्।

घोराही उपमहानगरपालिका-९ निवासी ७२ वर्षीया पार्वता शर्मा चराको सङ्ख्या कम हुँदै गएको बताउनुहुन्छ । उहाँ भन्नुहुन्छ, "पहिले गाउँमा (खर) फुसका छाना हुन्थे, चराले त्यसैमा गुड बनाएर बचेरा कोरल्ने र हुर्काउने गर्थे। बिहान मिर्मिरेमा चराको चिरबिर आवाज गुन्जिँदा छुट्टै आनन्द हुन्थ्यो। कहिलेकाहीँ चराको आवाजले बिहानीको निद्रा खुल्ने गर्थ्यो ।" उहाँलाई अझै सम्झना छ, केही समयअघि आँगनभरी थरीथरीका चारा आउथे। मङ्सिरमा आगनमा धान ल्याएपछि चराहरू झन थपिँदै जान्थे । पछिल्लो समय चराको चिरबिर कम भएको शर्माले बताउनुभयो । चराको बासस्थान खलबलिएकाले अचेल त्यस्तो आवाज खासै नसुनिने गरेको उहाँको भनाइ छ। घोराही उपमहानगरपालिका-६ का ६५ वर्षीय वीरबहादुर चौधरीले चराको बासस्थान घट्दै गएका कारण सङ्ख्या पनि कम हुँदै गएको बताउनुभयो । "भँगेराको चिरबिर र कोइलीको कुहुकुहु आवाज हराउँदै गएको छ। पक्की घरका कारण पनि घरमा बस्दै आएका चरा कम भएका छन् । गौथली, परेवा, भँगेरा, मैना जस्ता चराले फुसको छानोमा गुड बनाउने गर्थे। अहिले सबै घर पक्की भएपछि गुड लगाउने ठाउँको कमी भएको छ", उहाँले भन्नुभयो । एकातिर रुख हुने स्थानमा घरैघर छन्, भएका घर पनि सिमेन्टले बनेका चरामैत्री छैनन् । जसले गर्दा समस्या आएको धेरैको भनाइ छ।

चराविज्ञ आनन्द चौधरी रैथाने चराको सङ्ख्यामा कमी आएको बताउनुहुन्छ । चराहरू बसाइँसराइ गर्ने र आगन्तुक चरा नेपालमा आउने क्रम भने बढेको उहाँको भनाइ छ। यसरी आउने आगन्तुक चराका लागि यतै बस्ने वातावरण मिलाउनसके चराको सङ्ख्या बढ्ने चौधरीको बुझाइ छ । "चराहरू लामो यात्राको प्रयास गर्ने, आराम गर्ने त छँदैछ, पछिल्लो समय जलवायु परिवर्तनका हिसाबले पनि समस्या भयो।

चरा सङ्कटमा पर्नुका प्रमुख कारणमध्ये बासस्थानको विनास, जलवायु परिवर्तन, भौतिक पूर्वाधार पनि हुन्", उहाँले भन्नुभयो,"चरा खतराको सूचक मात्रै होइन, अवसर पनि हो । यिनको संरक्षणका लागि सोच्नुपर्ने आवश्यकता छ ।" यसका लागि सरकारी निकाय, स्थानीय र आदिवासी समुदायसँग सहकार्य गर्दै चरा तथा जैविक विविधता क्षेत्रको महत्त्वबारे आमनागरिकलाई जानकारी गराएर संरक्षण अभियान सञ्चालन गर्नुपर्ने चराविज्ञ चौधरीको धारणा छ । आगन्तुक चराका लागि अतिआवश्यक बासस्थानको पहिचान, अनुगमन र संरक्षण सुनिश्चित गर्ने, जनसमुदायलाई सचेत बनाउने विषयमा सबैले लाग्नुपर्ने उहाँको सुझाव छ।

# उपत्यकामा निषेधाज्ञा तथा कर्फ्यू निरन्तर

**रासस**
काठमाडौं, २६ भाद्र

पछिल्लो सुरक्षा परिस्थितिको विश्लेषणका आधारमा नागरिकको जनधनको सुरक्षाका लागि भन्दै काठमाडौँ उपत्यकामा निषेधाज्ञा तथा कर्फ्यू निरन्तरता दिइएको छ।

नेपाली सेनाले बिहीबार विज्ञप्तिमार्फत निषेधाज्ञा तथा कर्फ्यू आदेशलाई निरन्तरता दिनुपर्ने आवश्यकता देखिएको उल्लेख गर्दै काठमाडौँ, ललितपुर र भक्तपुरका जिल्ला सुरक्षा समितिहरुबाट सो व्यवस्था गरिएको जनाएको छ।

जारी विज्ञप्तिमा भदौ २७ गते बिहान ११ बजेदेखि बेलुकी ५ बजेसम्म निषेधाज्ञा र भदौ २७ गते बेलुकी ७ बजेदेखि भदौ २८ गते विहान ६ बजेसम्म कर्फ्यूलाई निरन्तरता दिइएको उल्लेख छ।

यसैगरी अत्यावश्यक कार्यको लागि आवतजावत गर्न भदौ २७ गते विहान ६ बजेदेखि ११ बजेसम्म र बेलुकी ५ बजेदेखि ७ बजेसम्म निर्धारण गरिएको सैनिक जनसम्पर्क तथा सूचना निर्देशनालयले जनाएको छ । निषेधाज्ञा तथा कर्फ्यूको दौरान समेत अत्यावश्यक सेवाका (एम्बुलेन्स, शववाहन, दमकल, स्वास्थ्यकर्मी, सुरक्षाकर्मी र सञ्चारकर्मीका साथै, खाद्यान्न, ग्यासलगायतको इन्धन, दूध, तरकारी, पानी, सञ्चारप्रदायक कम्पनी र औषधि ओसारपसार गर्ने) सवारी साधनहरु सञ्चालन गर्न सकिनेछ ।विभिन्न सरकारी कार्यालय, राष्ट्रिय मानव अधिकार आयोगका पदाधिकारी, बैङ्क तथा वित्तीय संस्थालगायतका सार्वजनिक संस्थानहरुमा कार्यरत कर्मचारीहरुले आफ्नो सक्कल परिचय पत्र (डिजिटल बाहेक) देखाई कार्यालयसम्म आवतजावत गर्न सकिने विज्ञप्तिमा जनाइएको छ।

यस्तै आन्तरिक र अन्तरराष्ट्रिय उडानका यात्रुहरुले आफ्नो उडानको टिकट देखाई विमानस्थलसम्म आवतजावत गर्न सक्नेछन् भने आवश्यक सहजताका लागि नजिकमा रहेका सुरक्षाकर्मीहरुसँग समन्वय गर्न सेनाले सबैमा अनुरोध गरेको छ। काठमाडौँ उपत्यका बाहिरको हकमा सम्बन्धित जिल्लाको सुरक्षा परिस्थितिअनुरुप जिल्ला सुरक्षा समितिबाट निर्णय र समन्वय गरिएबमोजिम हुने उल्लेख छ। जस्तोसुकै परिस्थितिमा पनि आम नेपालीहरुको सुरक्षा र मानवीय उद्धारमा प्रतिबद्ध रही जिम्मेवारी निर्वाहमा सक्रिय सुरक्षाकर्मीहरुलाई सहयोग पुर्‍याउन सबैमा अपिल गरिएको छ। अत्यावश्यक कार्यका लागि आवतजावत गर्न सकिने भनि छुट्याइएको समय अत्यावश्यक सामग्री किनमेल एवं धार्मिक-सांस्कृतिक परम्परा अवलम्बनका लागि हिँडडुल गर्न, कर्मचारीहरु आफ्नो कार्यस्थलसम्म जान र फर्कनलगायतका जरुरी कामका लागि भएकाले उक्त समयमा समेत जुलुस, धर्ना, प्रदर्शनलगायतका गतिविधिहरु गर्न पूर्णतः निषेध गरिएको विज्ञप्तिमा उल्लेख छ।

# जीवन एउटा सीमान्त सिकाइ

डा. बालकृष्ण अधिकारी

जीवन सिकाइको अटुट शृङ्खला रहेछ । सिकिरहेको छु हरेक क्षण मुक्तिका सपनासँग बाँच्न, मौसमी-बेमौसमी हावासँग हाँस्न । श्वासका प्रत्येक आनापानले ममा नवजीवन प्रदान गरेको अनुभूति हुन्छ । सिकाइका नैसर्गिक र सिर्जनात्मक दुवै रूप आफ्नै श्वास, निश्वास, ढुकढुकी र प्रयत्नसँग जोडिएका छन् । यी चलिरहेसम्म जीवन चाहिँ चलिरहन्छ भन्ने बुझाइले मलाई निरन्तर गतिशील हुन प्रेरणा दिइरहेको छ ।

बाँच्ने साधन र तरिकाहरू असत्य छन् । धर्तीलाई आधार र आकाशलाई अधिरचना बनाएर बाँच्ने सबै पदार्थका आआफ्ना बँचाइ छन् । म एउटा मान्छे अर्थात् पदार्थहरूको गुजुल्टो । मभित्रको जीजिविषा तिनै पदार्थका संयोग र वियोगमा नवीकृत भइरहन्छ । संयोगले स्वीकार सिकाइरहेछ, वियोगले त्याग सिकाइरहेछ । बस्, मेरा लागि जीवन तिनै स्वीकार र त्यागको सिकाइ हो ।

म पुरुष हुँ-नैसर्गिक पितृपिण्ड धारण, जीवनदान र पोषण दिने मातृका होइन र हुन पनि सक्दिनँ । तर, मेरा आदि र इति मातृत्वद्वारा नै अभिभूत छन् । पितृत्वको कुनै विशेष उत्साह र क्षोभले थिचिएको पनि त छैन । कहिल्यै मेरो पितृपिण्ड मातृपिण्डका विरुद्ध जान सक्दैन । सवर्गमा र इतरवर्गमा स्वीकारको मात्रा बढीघटी हुन्छ भनेँ भने वर्गको वकालत गर्ने मेरो चेतनाले मैमाथि वर्गद्वेषको आरोप लगाउन सक्छ ।

त्यसैले मातृपिण्डलाई आफैँबाट तिरोहण गरेर जितको अहङ्कारमा पहिलो सत्ताको शङ्खघोष गर्नु छैन मैले । आफ्नै मातृकालाई निषेध गरेर पितृपिण्डको जुँगा मुसार्नु मेरा लागि स्वीकार छैन । म जुन तत्त्वबाट टुसाएँ, झाङ्गिएँ, फुलेँ, फलेँ त्यही तत्वलाई आफ्नै प्रतिसत्ता मान्ने हो भने मेरो स्वीकार र त्यागको मूल्य कहाँ रहला र ?

सत्ता समयको इन्धनले चल्दोरहेछ । एकल सत्तामा विश्वास नभएको मान्छे म । बुझाइमा सपनाजस्तो आवेगका सानातिना भुँवरी नआउने होइनन् । तपाईंमा पनि त आउँछन् नि, होइन र ! कहिलेकाहीँ साहित्य पढ्छु, पितृपिण्डलाई निर्वस्त्र बनाएर सिस्नुपानी लगाएको देख्दा मन डढेलाले खाएको वनजस्तै हुन्छ । विद्वेषको विचार पिएर मात्तिएका लठैत लेखकहरू मातृपार्टीको झन्डा देखाउँछन् । पितृतत्वमाथि कानुन र नुनको डन्डा चलाउँछन् । पितृतत्वको संसर्ग नभएको मातृतत्त्व कति बाँझो होला ? सोचेरै निस्सिम हुन्छु । फेरि मातृतत्त्वबिना पितृतत्त्व कति जुम्सो होला ? कल्पेरै काम्न थाल्छु । खै, कसले हालिदियो कुन्नि झगडाको मलपानी ! मेरो फूलबारीमा अचेल पितृफूल र मातृफूलका छुट्टाछुट्टै प्लाटुन कमान्ड र ब्रिगेड कमान्ड परेड खेलिरहेका छन् । एकअर्कालाई सत्ताको कुर्चीबाट झारेरै छोड्ने र आफू चढ्ने ध्याउन्नमा एकअर्काविरुद्ध नारा फलाकिरहेका छन्, मुट्ठी कसिरहेका छन् र छद्म हतिहार चलाइरहेका छन् ।

यात्राको साधन छ सार्वजनिक यातायात । रुचि वा बाध्यता ? कृपया, नसोधिदिनु होला । तपाईंलाई थाहा छँदै छ, यात्रासँग मेरो अधिक प्रेम छ । यात्राले नै मलाई मान्छेका सुन्दर र कुरूप, उदार र सङ्कुचित, सफल र विफल, कामूक र शिथिल, स्वार्थी र परार्थी, आवेगी र संवेगी आदि अनन्त रूपआयाम थाहा दिएको छ । घटना र दुर्घटनाका घुम्तीहरू छिचोल्दै हिँड्न सिकाएको छ । स्वलाई फैलाएर परसम्म पुराउने र परलाई खैँचिएर स्वसम्म ल्याउने अद्भुत सामर्थ्य दिएको छ ।

हो, म हुँ सार्वजनिक यात्राप्रेमी । त्यसैले त प्राध्यापन पेसामा छु । तपाईंलाई के लुकाउनू ! कसलाई लुकाउनु छ र ! कसरी लुकाउन सक्छु र ! ओठछेउमा फाटेको मुस्कानधरि लुकाउन सक्दिन । अचेतनको अनकन्टार कुनामा उम्रिएको वासना कतिखेर सार्वजनिक भइसकेको हुन्छ, आफैँलाई बोध हुँदैन ।

यतिबेला तपाईंको कन्पारो तातेको हुनुपर्छ, ‘त्यसो भए, तेरो निजी चिजै छैन त !’ छन् नि हजुर- अथाह, अनगिन्ती । मेरा निजी कुरा मेरा मात्र हुन्, अरूका होइनन् । तपाईंले सोध्न खोज्नुभएको होला, ‘धन मेरो निजी कुरा हो ?’ अहँ, म मान्दिन ।

‘ज्ञान नि ?’ यो त झन् होइन ।

‘श्रीमती नि !’ मलाई थाहा छ, तपाईं यो प्रश्न सोधेर मलाई थचार्न चाहनुहुन्छ । यस प्रसङ्गमा म तपाईंलाई सजिलो बनाउन चाहन्नँ । हो, श्रीमती निजी कुरा हो तर शरीर होइन, भाव मात्र । भावको निजत्व मेरो हो, शरीर सार्वजनिक हो र हुन्छ । कसैकी छोरी, कसैकी बिचहनी, कसैकी दिदी, कसैकी बुहारी, कसैकी आमा । यी सबै नातामा बाँडिएको व्यक्ति मेरो मात्र कसरी हुन्छ ?

निजी त मृत्यु मात्र हुन्छ । मृत्यु नितान्त निजी सिकाइ हो । तारतम्य सकिएका दिन म पनि मर्नुपर्छ । मृत्युको अनुभव अरू कसैलाई सुनाउन सकिँदैन, अरू कसैलाई सिकाउन सकिँदैन । मेरो मृत्यु नितान्त मेरो मात्र हुन्छ । म मर्दा केही थान आँखा भिज्लान्, केही थान मुटु भक्कानिएलान् । केही मान्छेलाई केही दिन मेरो नियास्रो लाग्ला । सार्वजनिक हुन यति संवेदना काफी छ त ? अहँ, छैन ।

अहिलेसम्म मान्छेले जीवनलाई निजी बनाएर मृत्युलाई सार्वजनिक बनायो । म ठिक विपरीत गर्न चाहन्छु । मेरो जीवनयात्रा सार्वजनिक र मृत्यु नितान्त मेरो, फगत् मेरो । प्रिय मनहरू ! कमसेकम मेरो मृत्यु मेरो मात्र हो भन्नेमा विश्वस्त हुन कमसेकम एउटा दुर्घटनाको साक्षी बन्नुपर्ने रहेछ । ओहो ! कुरैकुरामा बेवाँकका तर्क पसारेर तपाईंलाई लोटाउने मेरो यो बानी कहिल्यै जाने भएन ।

’सिकाइको कमी ! ’ तपाईंको आरोप सहर्ष स्वीकार छ ।

’बौद्धिक विलास ! ’ सिकाइ भ्रम हो भने यसबाट मुक्त हुन सकेको छैन म ।

मलाई जे लाग्यो त्यही मेरा लागि सत्य रे ! आँखा नदेख्नेलाई दृश्य भ्रम लागेझैँ, कान नसुन्नेलाई ध्वनि भ्रम लागेझैँ । भौतिकवादीलाई ईश्वर भ्रम लागेझैँ, अध्यात्मवादीलाई ब्रह्म सत्य लागेझैँ । भ्रम नै सही, सिक्न त बाँच्न पनि सिक्नुपर्ने, मर्न पनि सिक्नुपर्ने ।

सिकाइको प्रारम्भ जन्म । सिकाइको अन्त्य मृत्यु । जीवन सिकाइको अटुट यात्रा । म त्यही यात्रामा यात्रारत छु । यात्राको निर्धारित सीमान्त बोध गर्न सक्दिनँ म । हार्न जानेको छैन, लड्दै उठ्तै हिँडिरहेको छु । टार्न जानेको छैन, बुझ्दै गर्दै सिकिरहेको छु । तपाईंको पनि त त्यस्तै छ नि, होइन ? हो भने प्रिय मनहरू ! आउनुहोस्, यात्रालाई जीवनमय बनाऔँ, जीवनलाई सिकाइमय बनाऔँ, सिकाइलाई उत्सवमय बनाऔँ । एक दिन मर्नु त अवश्यम्भावी छ ! पर्वत



मार्फा गाउँः

मुस्ताङको घरपझोङ गाउँपालिका-५ स्थित जोमसोमदेखि चिमाङ जोड्ने रिङरोडबाट बिहीबार बिहान देखिएको प्रमुख पर्यटकीय स्थल मार्फा गाउँ, हरियाली स्याउबारीसहित आसपासका क्षेत्र । सडक सञ्जालको पहुँच पुगेसँगै मुस्ताङको मार्फालगायत धेरै जस्तो गाउँहरु मुस्ताङ घुम्न आउने आन्तरिक तथा बाह्य पर्यटकको लागि उपयुक्त पर्यटकीय गन्तव्य बन्ने गरेको छ । तस्बिरः सुशीलबाबु थकाली/रासस

# फरार तीन कैदीबन्दी पक्राउ

पोखरापत्र संवाददाता
तनहुँ, २६ भाद्र

तनहुँ कारागारबाट फरार भएकामध्ये तीन जना कैदीबन्दी पक्राउ परेका छन् । दुई जना कास्कीबाट र एक जना तनहुँबाट बुधबार पक्राउ परेका जिल्ला प्रहरी कार्यालयका प्रहरी उपरीक्षक टेकबहादुर कार्कीले जानकारी दिनुभयो ।

मङ्गलबार राति ३२७ कैदीबन्दी यहाँबाट फरार भएका थिए । फरार भएका कैदीबन्दीको खोजतलास भइरहेको प्रहरी उपरीक्षक कार्कीले बताउनुभयो । उहाँले भन्नुभयो, “केही कैदीबन्दी बाहिरभन्दा भित्रै रमाउने खालका पनि छन्, उनीहरू आफैँ सम्पर्कमा आउने सम्भावना छ । अन्यको पनि खोजी भइरहेको छ ।” यसैगरी जेनजीको प्रदर्शकपछि उत्पन्न भएको परिस्थितिलाई सामान्य बनाउन सबैसँग आग्रह गरिएको छ । तनहुँ उद्योग वाणिज्य सङ्घ, नेपाल पत्रकार महासङ्घ तनहुँ, महिला मानव अधिकार रक्षक सञ्जाल र नेपाल आदिवासी जनजाति महासङ्घ तनहुँले बुधबार संयुक्त विज्ञप्ति जारी गरी चाडपर्वको समयमा भएको यस घटनाबाट जनजीवनमा पर्न गएको असरलाई मध्यनजर राखी जनजीवन सहज बनाउन सम्बन्धित पक्ष, अभिभावक, नागरिक समाज, मानव अधिकारकर्मी, पत्रकार साथै बुद्धिजीवी सबैले पहल गर्नु आवश्यक रहेको जनाइएको छ ।

जिल्लास्थित उद्योग वाणिज्य सङ्घका अध्यक्ष वैकुण्ठनाथ मिश्र, नेपाल पत्रकार महासङ्घ तनहुँका अध्यक्ष धनपति अधिकारी, महिला मानव अधिकार रक्षक सञ्जालका अध्यक्ष कल्पना पौडेल र नेपाल आदिवासी जनजाति महासङ्घ तनहुँका निवर्तमान अध्यक्ष बसुन्धरा घर्तीले संयुक्त विज्ञप्ति जारी गरी आगामी दिनमा यस्ता घटना नदोहोऱ्याउन सम्बन्धित पक्षसँग हार्दिक आग्रह गरिएको छ । चित्त नबुझेका विषयमा आफ्नो विमति राख्नु, विद्रोह गर्नु लोकतन्त्रमा नागरिकको अधिकार भएको भन्दै विज्ञप्तिमा यसको नेतृत्व गरेको जेनजी पुस्ता संयम र जिम्मेवार बन्न, ध्वंस र अराजकताबाट टाढा हुन र यस्ता आन्दोलनमा हुने घूसपैठ एवं अवाञ्छित गतिविधिहरू रोक्नका लागि सक्रिय बन्न माग गरिएको छ । विज्ञप्तिमा भनिएको छ, “हाम्रो देश नेपाल अहिले विषम परिस्थितिमा गुज्रिएको छ । पछिल्ला दिनहरूमा भएको प्रदर्शन र त्यस क्रममा ज्यान गुमाउनेप्रति भावपूर्ण श्रद्धाञ्जलि अर्पण गर्दछौँ । साथै शोकसन्तप्त परिवारजनमा गहिरो समवेदना प्रकट गर्दै सम्पूर्ण घाइतेहरूको शीघ्रस्वास्थ्य लाभको कामना गर्दछौँ ।

# लेतेखोलाको बाढीले भौतिक संरचनामा क्षति

पोखरापत्र संवाददाता
म्याग्दी, २६ भाद्र



जिल्लाको बेनी नगरपालिका-४ सिङ्गा तातोपानीमा रहेको लेतेखोलामा बिहीबारबिहान आएको बाढीले एक रेष्टुरेष्ट पुरिएको छ । दुईवटा घर, सामुदायिक भवन र मन्दिरमा बाढी पसेर क्षति भएको छ ।

प्रेम श्रीसले सञ्चालन गर्नुभएको श्रीस होटल बाढीले पूर्ण रूपमा पुरिएको बेनी-४ का वडाअध्यक्ष अणबहादुर खड्काले जानकारी दिनुभयो । उहाँका अनुसार स्थानीय मनकुमारी कार्की र सोविता कार्कीको घरभित्र बाढी पसेको छ । तातोपानी कृषि सहकारी संस्था र भगवती मन्दिरभित्र बाढी पसेको छ । बाढीले मङ्गाला, मालिका र धवलागिरि गाउँपालिकालाई जिल्ला सदरमुकाम बेनीसँग जोड्ने बेनी-दरवाङ सडक अवरुद्ध बनाएको खड्काले जानकारी दिनुभयो । घरभित्र रहेका स्थानीय बाढी आउन थालेपछि भागेर ज्यान जोगाएका छन् । अहिले जनप्रतिनिधि, सुरक्षाकर्मी र स्थानीय डोजरको सहायतामा बाढी नियन्त्रणमा जुटेका छन् । बेनी नगरपालिका र पूर्वाधार विकास कार्यालयले दुईवटा डोजर परिचालन गरेका छन् ।

स्थानीयवासीले सामुदायिक भवन र मन्दिरभित्र पसेको बाढी पन्छाउन श्रमदान गरेका छन् । एक सय ३० थान ग्याबियन जाली लगाउन थालिएको छ । तटबन्धका लागि बुधबार साँझ त्यहाँ लगेर राखिएको ग्याबियन जाली पनि बाढीले पुरेको छ ।

# आइतबारदेखि सर्वोच्च अदालतले नियमित सुनुवाइ गर्ने

रासस
काठमाडौं, २६ भाद्र

सर्वोच्च अदालतले यही भदौ २९ गतेदेखि नियमित सुनुवाइ गर्ने भएको छ ।

अदालतले बन्दी प्रत्यक्षीकरणका निवेदन पनि सोही दिनदेखि नै दर्ता गर्ने जनाएको छ । प्रधानन्यायाधीश प्रकाशमानसिंह राउतको अध्यक्षतामा आज भएको आकष्मिक बैठकले उक्त निर्णय गरेको हो । बैठकले यही भदौ २३ र २४ मा भएका घटनाप्रति दुःख व्यक्त गर्दै मृतकहरूप्रति श्रद्धाञ्जली अर्पण र घाइतेहरूको शीघ्र स्वास्थ्यलाभको कामना गरेको छ ।

सर्वोच्चले जारी गरेको विज्ञप्तिमा आन्दोलनका क्रममा सर्वोच्चसहित देशभरका अदालतमा आगजनी, ढुङ्गामुढा, तोडफोड र लुटपाट हुँदा भवन, उपकरण, सवारीसाधन तथा ऐतिहासिक दस्तावेजहरूमा क्षति भएको जनाउँदै देशको न्यायिक इतिहाससँग सम्बन्धित महत्वपूर्ण अभिलेखहरू करिब नष्ट हुन पुगेकामा गहिरो पीडा प्रकट गरिएको छ । “जे जस्तो अवस्था र परिस्थिति भए पनि न्यायको मार्गमा अविचलित र दृढ रहदै आम नागरिकको न्यायप्रतिको अपेक्षालाई सम्बोधन गर्न यथाशीघ्र अदालतहरु सञ्चालनमा ल्याउने प्रतिबद्धता व्यक्त गर्दछौं,” विज्ञप्तिमा भनिएको छ । बैठकले भदौ २३ र २४ गतेका घटनामा ज्यान गुमाएकाहरुप्रति दुःख व्यक्त गर्दै शोकाकूल परिवारजनमा हार्दिक समवेदना प्रकट गरेको छ । साथै, घाइतेको शीघ्र स्वास्थ्य लाभको कामना गरेको छ ।

# उत्तरी गोरखामा स्याउ टिप्न सुरु

प्रतीक्षा आले
गोरखा, २६ भाद्र



हिमाली भेगका बगैँचामा धमाधम स्याउ टिप्ने ‘सिजन’ सुरु भएको छ । चुमनुब्री गाउँपालिका-४ नाम्रुङको दुई हजार ६५० मिटर उचाइमा रहेको इन गोरखा प्रोडक्ट प्रालिको स्याउ फार्ममा गाला जातको स्याउ टिपिसकिएको फार्मका सञ्चालक लाक्पा डुण्डुप लामाले जानकारी दिनुभयो ।

उहाँको बगैँचामा गाला, गोल्डेन र फुजी तीन जातका स्याउ छन् । “गाला स्याउ टिपिसकियो, अब गोल्डेन टिप्ने तयारी भइरहेको छ”, लामाले भन्नुभयो, “अबको एक महिनामा फुजी पनि टिप्ने बेला हुन्छ ।” यसपटक गाला स्याउ १० हजार किलो उत्पादन भएको उहाँको भनाइ छ । “दुई ट्रक स्याउ काठमाडौँ ल्याइसकेको छ, काठमाडौँ ल्याउन सकेजति सबै भाटभटेनी सुपरमार्केटले किन्ने समझदारी भएको छ”, उहाँले भन्नुभयो । चार वर्षअघि लगाइएको उहाँको बगैँचामा १२ हजार ५०० बोटमा स्याउ फलेका छन् । उहाँले आफ्नो उत्पादनलाई ‘चुमनुब्री स्याउ’ नामले ब्राण्डिङ गर्नुभएको छ ।

करिब दुई हजार ७०० मिटर उचाइमा रहेको विशाल मनास्लु फर्म तथा लर्निङ सेन्टरका सञ्चालक छिरिङ लामा यतिबेला टिप्ने बेला भएको लटरम्म स्याउको बगैँचा देखेर दङ्ग हुनुहुन्छ । चुमनुब्री-२ ल्होमा रहेको सो स्याउ बगैँचा पाँच हजार बोट लटरम्म स्याउले भरिभराउ छ ।

त्यसमध्ये गाला जातको स्याउ टिप्ने बेला भइसकेको फार्मका सञ्चालक छिरिङलामाले बताउनुभयो । उहाँको बगैँचामा गाला, फुजी, गोल्डन डेलिसियसलगायत जातका स्याउ छन् । असोज पहिलो हप्ताभित्रै सबै प्रजातिका स्याउ टिप्न सुरु हुने उहाँले जानकारी दिनुभयो । उहाँको सो बगैँचामा विगत तीन वर्षदेखि स्याउ उत्पादन हुन सुरु भएको हो । उहाँले आफ्नो बगैँचाको स्याउलाई ‘मनास्लु स्याउ’ नाम दिएर ब्रान्डिङ गर्नुभएको छ । लामाले गत वर्ष आठ हजार किलोग्राम स्याउ उत्पादन गर्नुभएको थियो ।

पहिलो वर्ष भने उहाँको बगैँचामा ७०० किलोग्राम मात्र उत्पादन भएको थियो । उत्पादन बर्सेनि बढ्दै गएको लामाले बताउनुभयो । “यस वर्ष १० हजार किलोग्राम उत्पादन हुने अनुमान छ”, लामाले भन्नुभयो, “दुई हजार ८०० मिटर उचाइमा फलेको स्याउ भएकाले यो स्याउ हेर्दा सानो भएपनि निकै रातो, स्वादिलो र हेर्दा पनि निकै आकर्षक हुन्छ ।” ल्होका अन्य स्थानीयले पनि घरायसी प्रयोगका लागि थोरैथोरै स्याउ उत्पादन गर्ने गरेको उहाँको भनाइ छ । गण्डकी प्रदेश सरकारअन्तर्गत कृषि ज्ञान केन्द्रसँग साझेदारी गरी यहाँ स्याउ बगैँचा विकास गरिएको हो ।

चार वर्षअघि कृषि निर्देशनालयले इटलीबाट ल्याएको गाला, फुजी, रेड र गोल्डन डेलिसियस जातको स्याउको उन्नत बिरुवा किसानलाई ७० प्रतिशत अनुदानमा उपलब्ध गराएको थियो । स्याउ बगैँचा स्याउखेतीसम्बन्धी अध्ययन गर्न चाहनेका लागि अध्ययन केन्द्रका रूपमा पनि विकास गरिएको छ ।

“हाम्रो स्याउ फार्म उच्च गुणस्तरको जातको स्याउ उत्पादन गर्ने मात्र नभई स्याउ खेतीको अध्ययन गर्नेहरूका लागि अध्ययन केन्द्रका रूपमा पनि विकास गरेका छौँ”, मनास्लु स्याउका उत्पादक छिरिङ धार्के भन्नुहुन्छ, “यहाँ आएर अध्ययन गर्ने विद्यार्थीका लागि निःशुल्क आवास र खानाको व्यवस्था गर्छौं ।” गाउँपालिकाका अधिकांश ठाउँमा स्याउखेती राम्रो हुने हुनाले अरूले किसानले पनि व्यावसायिक स्याउखेती गरून् भन्ने चाहना रहेको उहाँको भनाइ छ ।